# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १४ सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदी आज बेलुकी आसमबाट पश्चिम बंगालको दुइ दिवसीय भ्रमणमा कोलकाता पुग्नुहुनेछ।
- पश्चिम बंगाल स्कूल सेवा आयोग द्वारा आज राज्य स्तरीय चयन परीक्षा को दोस्रो चरण आयोजित गरिएको छ।
- खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 7 को लोवर शेर्पा बस्तीको धोबी खोला क्षेत्रमा आज बिहान पैह्रोले तीनवटा घरलाई क्षति पुर्याएको छ।
- उत्तर बंगालको धैरै भागमा आज बेलुकी भुइच्याँलोको झटका महसुस गरिएको छ।
- खरसाङको वरिष्ठ लेखिका छिमी अङ्मु लामाको उपन्यास शनिशा मिलनश को आज लोकार्पण गरिएको छ।

## प्रधानमंत्री-बंगाल

प्रधानमंत्री नरेन्द्र मोदी आज बेलुकी आसमबाट पश्चिम बंगालको दुइ दिवसीय भ्रमणमा कोलकाता पुग्नुहुनेछ। उहाँले राजभवनमा रात्री विश्राम गर्नुहुनेछ। भोलि १५ सितम्बरको दिन प्रधान मंत्रीले भारतीय सेनाका पूर्वी कमानको मुख्यालय विजय दुर्गमा संयुक्त कमाण्डर सम्मेलनको उद्धाटन गर्नुहुनेछ। एक महिना भन्दा कम्ती समयमा प्रधान मंत्री नरेन्द्र मोदीको यो कोलकाताको दोस्रो भ्रमण हुनेछ। १५ देखि १७ सितम्बर सम्म आयोजित हुने यस सम्मेलनमा रक्षा मंत्री राजनाथ सिंहए राष्ट्रीय सुरक्षा सल्लाहकार अजित डोभाल तथा धैरै अन्य गणमान्य व्यक्ति शामेल हुनेछन्।

## एस.एस.सी-हिन्दी

पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यु.बी.एस.एस.सी) द्वारा आज कक्षा ११ अनि १२ को लागि आयोजित शिक्षक भर्ती परीक्षाको अवधि परीक्षा केंद्रहरुमा अन्य अन्य राज्यहरुबाट आएका उम्मेदवारहरुको धैरै संख्यामा रहेको खबर प्राप्त भएको छ। राजस्थान, उत्तर प्रदेश, बिहार अनि झारखंड बाट धैरै संख्यामा अभ्यर्थी पश्चिम बंगालमा परीक्षा दिन पुगेका थिए। सूत्र अनुसार १२ हजार भन्दा अधिक परीक्षार्थी बाहिरका राज्यहरुबाट परीक्षा दिन आएका थिए। विशेषगरी हिंदी माध्यमका ३ सय ७० रिक्त पदहरुकालागि १२ हजार भन्दा अधिक अन्य राज्यका उम्मीदवारहरुले आवेदन गरेका थिए। गत आइतवार ९ औ अनि १० औ कक्षाको लागि आयोजित परीक्षामा हिंदी माध्यममा २ हजार २ सय ५१ पद रहेको अनि यसको निम्ति पनि अन्य राज्यहरुबाट भारी संख्यामा आवेदन गरिएको बताइएक छ। जानकारी अनुसार वर्ष २ हजार १६ को परीक्षामा हिंदी माध्यमका अभ्यर्थीहरुलाई अनुमति दिइएको थिएन भने यस पटक प्रथम चोटि उनीहरुलाई अवसर प्रदान गरिएको हो।

## डब्ल्यु.बी.एस.एस.सी

पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यु.बी.एस.एस.सी) द्वारा आज राज्य स्तरीय चयन परीक्षा (एस.एल.एस.टी) को दोस्रो चरणको आयोजित गरिएको छ। कक्षा ११ अनि १२ को लागि आयोजित यो शिक्षक भर्ती परीक्षाको लागि लगभग २ लाख ४६ हजार उम्मेद्वार शामेल भएका छन्। सुत्र अनुसार आज आयोजित यो परीक्षा राज्यका ४ सय ७८ केन्द्र मा आयोजित गरिएको थियो। एस.एल.एस.टी को पहिलो चरण गत आइतवार ७ सितम्बरमा ९ औ अनि १० औ कक्षाकोलागि आयोजित गरिएको थियो। यस परीक्षामा ३ लाख १९ हजार उम्मेद्वारा शामेल भएका थिए जुन चाहिँ ६ सय ३६ केन्द्रमा आयोजित गरिएको थियो। शिक्षा मंत्री ब्रात्य बसुले परीक्षाको लागि उच्च स्तरको तैयारी गरिएको बताउनुभएको छ। उहाँले पहले दिन जस्तै दोस्रो दिनको परीक्षा पनि शांतिपूर्वक अनि निष्पक्ष वातावरणमा संपन्न भएको बताउनुभएको छ। उल्लेखनीय छ, सर्वोच्च न्यायलयले गत ३ अप्रेलमा लगभग २६ हजार शिक्षक एवं गैर शिक्षण कर्मचारीहरुको नियुक्तिलाई रद्द गरिदिएको थियो जसको भर्ती २ हजार १६ को चयन प्रक्रीया पछि गरिएको थियो। नयाँ परीक्षाहरु सर्वोच्च न्यायलयको आदेश पछि आयोजित गरिएको हो। यसै बीच यी परिक्षाहरुमा कथित प्रश्नपत्र बिक्री अनि ऑडियो टेपको मामला सम्बन्धमा सत्तापक्ष अनि विपक्ष माझ आरोप-प्रत्यारोप को क्रम पनि चलिरहेको छ।

**खरसाङ-पैह्रो**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 7 को लोवर शेर्पा बस्तीको धोबी खोला क्षेत्रमा आज बिहान पैह्रोले तीनवटा घरलाई क्षति पुर्याएको छ। वार्ड नम्बर 7 को लोवर शेर्पा बस्तीको धोबी खोला क्षेत्रमा आज बिहान लगभग 9 बजेर 15 मिनटमा एउटा घरबाट पैह्रो झरेर तल्लो पट्टि रहेको अर्को घरलाई क्षतिग्रस्त बनाएको छ। खरसाङ नगरपालिका सुत्र अनुसार यस पैह्रोमा परेर यस वार्डमा तीनवटा घरलाई क्षति पुगेको छ। क्षेत्रीय सभासद श्याम शेर्पा साथै खरसाङ नगरपालिकाका अधिकारीहरुले पैह्रो क्षेत्रको निरीक्षण गरी क्षेत्रमा पोलिथिनहरु बिछयाउने कार्य गरिएको बताइएको छ। पैह्रो ग्रस्त क्षेत्रको नापजोख गरी मरमत्तिकोलागि तयार पारिएको अनि यस पैह्रो विषयमा जीटीए प्रमुख अनित थापा र खरसाङ महकुमा शासकलाई पनि जानकारी गराइएको बताइएको छ। पैह्रोग्रस्त क्षेत्रको निरीक्षण भ्रमण गरेपछि पत्रकारहरुलाई सम्बोधन गर्दै सभासद श्याम शेर्पाले खरसाङ नगरपालिकाको टिमसित मिलेर वार्ड नम्बर 7 को लोवर शेर्पा बस्तीको धोबी खोला क्षेत्रमा गएको पैह्रो निरीक्षणमा आएको जानकारी गराएका छन्। उहाँले कुनै ठाउँमा पैह्रो गएपछि सर्वप्रथम सम्बन्धित विभागमा जानकारी गराउने स्थानीयहरु समक्ष अपिल गरेका छन्।

**राजू-करातेँ**

दार्जीलिङका सासंद राजु विष्ट आज खरसाङको एक प्रतिष्ठित विद्यालय गोथल्स मेमोरियल स्कूलमा आयोजित तेस्रो अन्तर-स्कूल ओपन कराटे च्याम्पियनशीपमा उपस्थित रहेका थिए। यस अवसरमा यस स्कूलबाट अध्ययन पुरा गरेर आ-आफ्ना क्षेत्रमा उत्कृष्ट उपलब्धि प्राप्त गरेका व्यक्तित्वहरू पनि उपस्थित रहेका थिए।

*सांसद विष्टले यस अवधि मार्शल आर्ट्सले युवाहरूमा आत्म-विश्वास ए अनुशासन ए ध्यान केन्द्रित गर्ने सामर्थ्य र कड़ा परिश्रम गर्ने क्षमता विकासित गर्ने पनि बताउनुभयो। स्मार्टफोन र सामाजिक सञ्जाल जस्ता ध्यान भट्काउने माध्यमहरूले युवाहरूलाई ग्रस्त पारेको वर्तमान समयमा ए मार्शल आर्ट्सले उनीहरूको ऊर्जालाई सकारात्मक ढङ्गले सही दिशातर्फ डोऱ्याउने काम गरेको पनि राजू विष्टले बताउनुभयो। उहाँले भन्नुभयो-यसप्रकारको आयोजनले फिट इण्डिया र नशा मुक्त भारत जस्ता राष्ट्रीय प्रयासहरूलाई दृढ़तासित प्रतिध्वनित गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले युवा र खेलकूदलाई पुर्याएको सहयोगमा उल्लेखनीय वृद्धि भएको पनि श्री विष्टले अवगत गराउनुभयो। उहाँले फिटनेस र नशामुक्त जीवनशैलीलाई बढ़ावा दिन संसद खेल महोत्सवको लागि पञ्जीकरण शुरु भइसकेको जनाउँदै एकल श्रेणीमा कराटेलाई पनि समावेश गरिएको बताउनुभयो। यसको साथै कराटे खेलाडीहरू अनि अन्य सबै युवाहरूलाई यसमा भाग लिन अनि प्रतिस्पर्धा गर्न पनि श्री विष्टले प्रोत्साहित गर्नुभएको छ।*

**भुइच्याँलो**

उत्तर बंगालको ठुलो भागमा आज बेलुकी लगभग ४ बजेर ३० मिनटमा भुइच्याँलोको झटका महसुस गरिएको छ। भुइच्याँलोको कारण मानिसहरु आ-आफ्नो घरबाट बाहिर निस्केको बताइएको छ। भुइच्याँलोको केन्द्र असमको ढेकियाजुली क्षेत्रमा रहेको बताइएको छ। प्रारंभिक जानकारी अनुसार भुइच्याँलोको तीव्रता ५ दशमवल ८ रहेको थियो।

**उपन्यास-लोकार्पण**

खरसाङको वरिष्ठ लेखिका छिमी अङ्गु लामाको उपन्यास निशा मिलनको आज लोकार्पण गरिएको छ। यस उपन्यासको लोकार्पण साहित्य अकादमी नेपाली भाषा परामर्श समितिको सदस्या एंव खरसाङ सांस्कृतिक संस्थान् खरसाङको अध्यक्षा आशा मुखिया लामा, प्रज्ञा साझा मञ्चका अध्यक्ष रमेश थापा, वरिष्ठ साहित्यकारद्वय ग्याल्पो लामा र ऋषि राई एवं उपन्यासकार छिमी अङ्गु लामाको बाहुलीबाट लोकार्पण गरिएको छ। कवि एवं पत्रकार हनोक थापाले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण युवा स्रष्टा सञ्जीव छेत्रीले राखेका थिए। कार्यक्रममा उषाकिरण सत्यदर्शी, मिना लामा राई, रचना अनाकर, पी. लक्की शेर्पा, रचयिता छेत्री आदिले कविता र गजल वाचन गरेका थिए।

*कार्यक्रममा लोकार्पित उपन्यास निशा मिलनमाथि समीक्षात्मक टिप्पणी वरिष्ठ साहित्यकार एंव साहित्य अकादमी नेपाली भाषा परामर्श समितिकी सदस्या आशा मुखियाले राखनुभएको थियो। उपन्यास निशा मिलनभन्दा अघि छिमी अङ्गु लामाको कथा संग्रह एक मुक्त मुनाल2012 मा प्रकाशित भएको छ भने यसको दोस्रो संस्करण 2024 मा प्रकाशित बनेको छ। उहाँको यसै एक मुक्त मुनाल कथा संग्रहको एक कथा अतितका बालुवामा छोडिएका पदछापहरुबाट युवा निर्देशक विवेक राईले शान्ति फिल्म बनाएका थिए जसले अन्तर्राष्ट्रिय पुरस्कार पाउन सफल बनेको थियो। उहाँ आकाशवाणी खरसाङको पूर्व उदघोषिका पनि हुन्।*

**मौसम**

मौसम विभाग अनुसार उत्तर बंगालमा लगातार भइरहेको वर्षाको कारण जनजीवन पूर्णरुपले प्रभावित बनेको छ। गत दुइ दिनदेखि लगातार भइरहेको वर्षाको कारण आज खरसाङ्ग शहरको केही भागहरुमा पैह्रो गएको खबर प्राप्त भएको छ। यसमा राष्ट्रीय राजमार्ग १ सय १० को तीनधरेमा गएको पैह्रो प्रमुख रहेको छ। हालै प्राप्त खबर अनुसार तिनधारे सड़कमा झरेको पैह्रोलाई हटाएर सड़कलाई खोलिएको बताइएको छ भने तिनधारे नजिक २ नम्बरमा रुख लड़ेको कारण राष्टीय राजमार्गमा यातायात बाधित बनेको खबर पनि प्राप्त भएको छ। पहाड़मा भइरहेको भारी वर्षाको कारण सिलिगुड़ीमा महानंदा नदीको जलस्तर बढ़ेको छ भने सुकनाको फलमको पुल पनि क्षतिग्रस्त बनेको छ जसकारण अब माटीगाड़ा भएर वाहनहरुको आवाजाही भइरहेको बताइएको छ। मौसम विभाग अनुसारए गत २४ घंटामा अलीपुरद्वारमा १ सय २६ मिमी अनि जलपाईगुड़ीमा १ सय १८ मिमी वर्षा दर्ता गरिएको छ।

**********